# डब्लुएचओको ग्लोबल भ्याक्सिन योजनाबाट पछि हट्यो चीन

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को कोभिड भ्याक्सिन विश्वस्तरमा वितरण गर्ने योजनाबाट चीन पछाडि हटेको छ। डब्लुएचओले संसारभर कोभिड भ्याक्सिन समान रूपमा वितरण गर्ने बनाएको योजनामा सामेल हुने समय सकिँदा चीनले छुट्टै प्रस्ताव ल्याउने भन्दै सहभागिता नजनाएको हो। यसअघि चीनले कम र मध्यम आय भएका देशमा भ्याक्सिनको सहज पहुँचमा सहयोग गर्ने विषयमा सहमति जनाएको थियो। डब्लुएचओको कोभेक्स नामक योजनामा चीनसँगै अमेरिका र रसियाले पनि उपस्थिति जनाएका छैनन्। सुरुमा यो योजनामा १६५ देशले सहमति जनाएका थिए।

डब्लुएचओले योजनामा सहभागिता जनाउन १८ सेप्टेम्बरसम्मको समय दिइएको थियो। कोभेक्समा विश्वका बढी आय भएका करिब ६४ देशले सहमति जनाएका छन्। कोभेक्सले २०२१ को अन्तिमसम्म करिब दुई अर्ब खोप निर्माण गर्ने लक्ष्य राखेको थियो, जुन न्यून आय भएका मुलुकका लागि समान रूपमा वितरण गर्न सकिन्थ्यो। तर पनि डब्लुएचओले चीन कोभेक्समा सहभागी हुने आशा गरेको बताइएको छ। यो योजनामा चीन सहभागी भएमा कोभेक्स योजना सफल हुने बलियो सम्भावना देखिन्छ। किनकि, पछिल्लो समय परीक्षणको तेस्रो चरणमा रहेका नौमध्ये चारवटा खोप चीनले निर्माण गरिरहेको छ।

•••

डब्लुएचओका प्रमुख वैज्ञानिक सौम्य स्वामिनाथनले चीनसँग बहस भइरहेको र कोभेक्समा सहभागी हुन अझै समय थपिएको बताएका छन्। चीनले भने विश्वभर खोप वितरण गर्न तयार रहेको तर आफ्नै योजनाअनुसार अगाडि बढ्ने जनाउँदै आएको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता हुवा चुनियोङले सेप्टेम्बरको सुरुवातमै विकासोन्मुख देशका लागि भ्याक्सिन उत्पादनमा चीन आफैँले छुट्टै योजना बनाएको, जुन कोभेक्सजस्तै निम्न आय भएका देशका लागि उपलब्ध गराउने बताएका थिए।

सिंगापुर युनिभर्सिटीका वैज्ञानिक ड्र्यु थम्पसनले चीनले कोभेक्समा सहभागिता नजनाउनुलाई दुईपक्षीय दृष्टिकोण भएको प्रतिक्रिया दिएका छन्। 'खोपका माध्यमबाट चीनले सहुलियत र सद्भावनाको आशा गरेको छ। चीनले खोप उत्पादनमा निकै मिहिनेत गरिरहेकाले यसको ठोस परिणामको पनि लाभ उठाउन पाउनुपर्छ। यदि चीनले कोभेक्सलाई सहयोग गर्ने हो भने कोभेक्सले फिलिपिन्सलाई सहयोग गर्छ, यसबाट चीनलाई के फाइदा हुन्छ,' उनी भन्छन्।

विभिन्न देशका वैज्ञानिकले चीनले आफ्नै देशको अर्थतन्त्र बलियो बनाइराख्न र छिमेकी देशलाई पनि सहयोग गर्न कोभेक्स योजना उपयुक्त हुन सक्ने बताएका छन्। तर, फरक-फरक खालका भौगोलिक वातावरणका कारण सबै देशमा खोपहरू उपयुक्त हुन्छन् भन्ने अझैसम्म कुनै आधार पाइँदैन। त्यसैले खोप सहज उपलब्ध गराउन अझै धेरै अध्ययन अनुसन्धान आवश्यक रहेको बताइएको छ।

• एजेन्सीको सहयोगमा

# चायापोतो भएको अनुहारमा यसरी गर्ने मेकअप

विज्ञको सल्लाह



■ छबु कार्की, सौन्दर्यविद्

पछिल्लो समय व्यक्तिको सौन्दर्यलाई व्यक्तित्वसँग जोडेर हेर्न थालिएकाले मेकअपको महत्व बढेको छ। मेकअपको परिभाषा पनि समयअनुसार परिवर्तन हुँदै गइरहेको छ। अव्यवस्थित जीवनशैली, खानपान र वातावरणका कारण छालामा पर्न सक्ने असरबाट जोगाउनसमेत मेकअपको आवश्यकता देखिन थालेको छ। खासगरी एजिङ अर्थात् छालामा चाउरीपना, दाग वा अन्य समस्याबाट बच्न र व्यक्तित्वमा निखार ल्याउन विज्ञको सल्लाहमा सौन्दर्य प्रसाधनका सामग्री प्रयोगमा ल्याउन सकिन्छ।

सामान्यतः चाडपर्व र विवाहको मौसममा अधिकांशले मेकअपलाई अझ बढी प्राथमिकता दिएको पाइन्छ। तर, छाला स्वस्थ नहुँदा कतिपय अवस्थामा मेकअपले छाला थप बिग्रन सक्छ। चा

चायापोतो वा अन्य समस्या भएको छालामा मेकअप गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ। सामान्य मेकअपबाट पनि चायापोतो हटाएर सुन्दर देखिन सकिन्छ। छालालाई असर नपर्ने खालको प्रसाधनको प्रयोगबाट घरमा स्वयंले मेकअप गर्न सकिन्छ। सामान्य लुक्सका लागि कुनै विशेष कोर्सको आवश्यकता हुँदैन।

मेकअप गर्नुभन्दा अगाडि सफा पानीले अनुहार धुनुपर्छ। अनुहारमा क्रमशः मोस्चराइजर वा सनब्लक र टोनरको प्रयोग गर्नुपर्छ। जस्तोसुकै मेकअप गर्दा पनि सुरुवातमा मोस्चराइजर वा सनब्लकको अनिवार्य प्रयोग गर्नुपर्छ। यसले छालामा हुने क्षति कम गर्छ। अनुहारको जुनजुन भागमा चायापोतो वा दाग छ, त्यस भागमा छालाको सेडभन्दा एक सेड डार्क अथवा सुन्तला रंगको कन्सिलर प्रयोग गर्नुपर्छ। यसको प्रयोग ड्याबिड मोसन अर्थात् हलुका गरी हातले थपथपाउँदै लगाउनुपर्छ।

फाउन्डेसनको प्रयोग छालाको रंगअनुसार गर्नुपर्छ, ता कि मेकअप भद्दा नदेखियोस्। साथै, पहिले प्रयोग गरेको कन्सिलर बिग्रन नदिन अनुहार बिस्तारै फाउन्डेसन लगाउनुपर्छ। अनुहार थप गोरो बनाउने इच्छा भएमा फाउन्डेसनपछि आफ्नो स्किन टोनभन्दा एक सेड लाइट रंगको फाउन्डेसन हलुका गरी पूरै अनुहारमा लगाउन सकिन्छ।

अनुहारलाई कुनै आकारजस्तै ओभल सेप दिने इच्छा भएमा थोरै डार्क सेड कन्सिलर गालामा, जलाइनमा, निधारमा र नाकमा सेप दिन सकिन्छ। यसमाथि हलुका ब्रसको सहयोगले पाउडर टचअप गर्न सकिन्छ। अनुहारमा चायापोतो भएको व्यक्तिले सकेसम्म टल्किने खालको प्रसाधनका सामग्रीहरू प्रयोग गर्नुहुँदैन। किनकि यस्ता सामान प्रयोग गर्दा चायापोतो झन् देखिन्छ, भने कतिपय सामानले छालामा असर पनि पार्न सक्छ।

Government of Nepal
Ministry of Industry, Commerce and Supplies
Singhadurbar, Kathmandu

## INVITATION FOR EXPRESSION OF INTEREST (EOI)

(First Date of Publication: 24th September, 2020)

The Ministry of Industry, Commerce and Supplies invites Expression of Interest (EOI) from eligible national consulting firms to provide consulting services for **"Project Title: Preparation of Detail Project Report of Attariya-Dhangadi Industrial Corridor of Nepal, EOI No. MOICS/CS/QCBS/01/2077/78".** Expression of Interest (EOI) document can be downloaded from **www.bolpatra.gov.np/egp** or client's website **www.moics.gov.np.**

Expressions of interest shall be delivered online through e-GP system **www.bolpatra.gov.np/egp** on or before 9th October, 2020 12:00hrs. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.

## पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि. को २० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री सम्पूर्ण शेयर सदस्य ज्यूहरु,

विषयः साधारण सभामा उपस्थित हुने बारे ।

उपरोक्त सम्बन्धमा मिति २०७७/०६/०६ गतेका दिन बसेको यस पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको २० औं बार्षिक साधारण सभा नेपाल सरकार भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागले जारी गरेको निर्देशिका बमोजिमको नियमहरुलाई पालना गर्दै भौतिक दुरी कायम गरि तथा स्वास्थ्य सम्बन्धि मापदण्डहरु पालना गरि यहि मिति २०७७ साल आश्विन २४ गते देखि आश्विन ३० गते सम्म सम्पन्न गर्ने गरि निम्न मिति, समय र स्थानमा सम्पन्न गरिने भएकाले यहाँको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

साधारण सभा बस्ने मिति,समय र स्थानः

सभा हुने मिति : २०७७/०६/२४ गते, शनिबार (October 10, 2020) देखी २०७७/०६/३० गते, शुक्रबार (October 16, 2020) सम्म

सभा शुरु हुने समय : विहान ८:०० बजे देखि बेलुका ६:०० बजे सम्म (१ घण्टाको अन्तरालमा बढिमा २० जना सम्मको १ सत्र कार्यक्रम हुनेछ ।)

सभा स्थान : संस्थाको मुख्य कार्यालय कुमारीपाटी, सदस्य सेवा केन्द्र चावहिल, सदस्य सेवा केन्द्र कोटेश्वर, सदस्य सेवा केन्द्र सुर्यविनायक, ,सदस्य सेवाकेन्द्र न्यूरोड, (सदस्यहरुले आफ्नो अनुकुल सेवा केन्द्रमा सहभागीता गर्न सक्नुहुनेछ । )

### साधारण सभामा छलफल हुने विषयहरु

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. ०७६/०७७ को वार्षिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रम उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
२) आ.व. ०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
३) आ.व. ०७७/०७८ को लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत एवं सो प्रतिवेदनमा छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
५) आ.व. ०७७/०७८ को अनुमानित नीति तथा कार्यक्रम, लक्ष्य र बजेट माथि छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
६) संस्थाको विनियम संसोधन सम्बन्धमा ।
७) आ.व. ०७६/०७७ मा संचालक समिति र अन्य उप-समितिहरुबाट भए गरेका निर्णयहरु सम्बन्धमा ।
८) संस्थाको आन्तरिक नीति, कार्यवीधि र विनियमावली संसोधन सम्बन्धमा ।
९) विमा सम्बन्धि कार्य गर्ने/विमाको अभिकर्ता भई कार्य गर्ने सम्बन्धमा ।
१०) इच्छुक सहकारी संस्थाहरु सँग एकिकरण गर्ने सम्बन्धमा ।
११) १८(अठार) प्रतिशत शेयर लाभांश वितरण सम्बन्धमा ।
१२) बन्दाबन्दी (Lock Down) अवधिभरको ब्याज र हर्जानामा दिईएको छुट अनुमोदन सम्बन्धमा ।
१३) कर्मचारी बोनस (तीन महिना अवधि) प्रस्ताव सम्बन्धमा ।
१४) कार्यकारी प्रमुख नियुक्ती तथा पारीश्रमिक निर्धारण सम्बन्धमा ।
१५) साधारण सभाको निर्णय पुस्तिका (माईन्युट बुक) प्रमाणित गर्नको लागि संचालक समिती र शेयर सदस्यहरुबाट नियमानुसार प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
१६) विविध ।

**विशेष प्रस्ताव**

१) संस्थाको जग्गा बिक्रि अनुमोदन सम्बन्धमा र संस्थाको लागि नयाँ भवन (घर/जग्गा) खरिद सम्बन्धमा ।
२) निर्वाचन कार्यक्रम स्थगित गर्ने सम्बन्धमा ।

**नोट :**

- थप जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
- साधारण सभाको लागि तोकिएको स्थानमा तोकिएको अवधिभर संचालक समितिको तर्फबाट प्रतिनिधि उपस्थित हुने व्यवस्था गरिएको छ ।
- वार्षिक प्रतिवेदनको सफ्ट कपी Email, Viber, Messenger मार्फत सम्पूर्ण सदस्यज्यूहरुलाई उपलब्ध गराईनेछ ।

संचालक समितिको आज्ञाले
सचिव

**पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालयः ल.पु.म.न.पा वडा नं.-५, कुमारीपाटी
फोन नं.:०१-५००८५८५, ५५३२७१८, फ्याक्स नं. ०१-५००८५८६
**पञ्चशील सदस्य सुविधा काउण्टर**
चावहिल, मित्रपार्क, काठमाडौं, फोन नं.: ०१-४४६५५३४
कोटेश्वर, काठमाडौं, फोन नं. ०१-४६००६१७, ४६०२१०७
न्यूरोड, काठमाडौं, फोन नं. ०१-४२५५४०८
भक्तपुर, सूर्यविनायक, सेवा केन्द्र, फोन नं.: ०१-६६१५६४७

**बर्दिवास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बर्दिवास, महोत्तरी**
**प्रदेश नं. २, नेपाल**
**(दफा ११ को उपदफा (१२) सँग सम्बन्धित)**

## क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा, गिटी तथा प्रशोधित बालुवा पालिका बाहिर निकासी करका लागि बोलपत्र आह्वानसम्बन्धी सूचना

**(प्रथमपटक बोलपत्र प्रकाशित मिति : २०७७/०६/०८)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र ढुंगा, गिटी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को दफा ११ को उपदफा (१२) तथा दफा १९ मा व्यवस्था भएबमोजिम तोकिएको स्थानहरूबाट स्वीकृत मापदण्डबमोजिम देहायका बर्दिवास नगरपालिका क्षेत्रमा रहेका क्रसर उद्योगहरूका लागि चाहिने कच्चा नदीजन्य पदार्थ (बालुवा, ढुंगा, गिटी, ग्राभेल) र उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा, गिटी तथा प्रशोधित बालुवा नगरपालिका बाहिर हुने निकासी कर ठेक्काबाट कर उठाउन मिति २०७७।५।२८ गतेको ब.न.पा. बर्दिवास नगर कार्यपालिका बैठकको निर्णयअनुसार आ.व. २०७७/०७८ को नगरपालिका क्षेत्रभित्र रहेका नदी खोलाहरूको नदीजन्य पदार्थ उत्खनन्, संकलन बिक्री कर ठेक्का नलागुन्जेलसम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करको दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी तपशिलबमोजिम शर्तहरूको अधितमा रही प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र रु. १०।- को नोट नत्थी गरी वा सो बापतको टिकट टाँसी रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्का/बोलपत्रको नाम | ठेक्का अवधि | दैनिक कूल परिमाण (घ.मि.) | दैनिक न्यूनतम कबोल अंक (मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | ०७/०७७/७८ | क्रसर उद्योगबाट उत्पादन हुने सबैखाले ढुंगा, गिटी तथा प्रशोधित बालुवा पालिका बाहिर निकासी कर ठेक्का | आ.व. २०७७/०७८ को नदी खोलाहरूको नदीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री कर ठेक्का नलागुन्जेलसम्मको अवधि कायम हुने | १४१७ घ.मि. | १,५०,०००।- (एक लाख पचास हजार मात्र) | कबोल अंकको ५ प्रतिशत | ३०००।- |

**अन्य शर्तहरू**

१. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्र, फर्मको हकमा नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्ध करको दर्ता प्रमाणपत्र, आ.व. २०७६/२०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र दस्तुरबापत यस कार्यालयमा नगदै तिरेको कृषि विकास बैंक, बर्दिवास शाखामा रहेको यस कार्यालयको **आन्तरिक राजस्व खाता नं**. **१००६३०११४९१२८१०५** मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र बोलपत्र फारम खरिद गर्न सकिन्छ।
२. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक, बर्दिवास शाखामा रहेको **धरौटी खाता नं. १००६३०११४९१२८०६७** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तीमा ३ महिना म्याद जारी गरिएको बिडबण्ड सिलबन्दी खाम साथ संलग्न गर्नु पर्नेछ।
४ व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्र, फर्मको हकमा नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धि करको दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।
५. खरिद गरेको बोलपत्र फारमहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खामको बाहिर पट्टी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्काको नाम र नम्बर, फर्म प्रोपाइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नम्बर समेत खुलाई फर्मको छाप लागेको र बर्दिवास नगपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दिवास, महोत्तरी भनी प्रस्ट बुझ्ने गरी लेख्नुपर्नेछ।
६. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन।
७. रितपूर्वकको सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा बोलपत्र दर्ता गराइ सक्नुपर्नेछ। सोही दिन, दिनको २:०० बजे यस कार्यालयमा र रीतपूर्वक पर्न आएका बोलपत्र कागजातहरू सम्बद्ध कार्यालयका प्रतिनिधिहरू, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ। साथै बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
८. बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिसम्ममा बोलपत्र फाराम खरिद गर्न सकिने र त्यसको भोलिपल्ट दिनको १२:०० बजेसम्ममा बोलपत्र फाराम दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ।
९ म्याद नाघी वा रीत नपुगी प्राप्त भएमा बोलपत्र उपर कुनै कारबाही हुने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
११. बोलपत्र स्वीकृत दैनिक कबोल अंक बराबर रकमको दरले १५ दिनको जम्मा हुने रकम यस कार्यालयको कृषि विकास बैंक, बर्दिवास शाखामा रहेको **आन्तरिक राजस्व खाता नं**. **१००६३०११४९१२८१०५** मा पाक्षिक रूपमा बुझाउने शर्तमा सम्झौता गर्नुपर्नेछ।
१२. **ठेक्का स्वीकृत भई कार्यालयले** बोलपत्रदाताले साकार गरेको दैनिक कबोल रकम अंक बराबरको दरले हुने १ (एक) महिना बराबरको रकम नगद वा बैंक परफरमेन्स बण्ड पेश भएपश्चात् मात्र सम्झौता गरिनेछ। तत्पश्चात् कार्यालयबाट चलन पूर्जी उपलब्ध गराइनेछ।
१३. पाक्षिक रूपमा निकारी कर रकम नबुझाएमा एक पटकलाई जमानतको रूपमा राखिएको एक महिना बराबरको रकमबाट कट्टा गरिनेछ र अर्को पटक पनि नबुझाएमा रकम कट्टा गरी ठेक्का रद्ध गरिनेछ।
१४. प्रचलित कानुनअनुसार बुझाउनुपर्ने आयकरलगायत अन्य करहरू ठेकेदार स्वयमूले बेहोर्नुपर्नेछ।
१५. **ठेक्का स्वीकृत भई कार्यालयले माग गरेबमोजिमको बैंक ग्यारेन्टी रकम दाखिला गरी तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ।**
१६. **ठेक्का सम्झौता गरेपछि तोकिएको मितिबाट मात्र ठेक्का सञ्चालन गर्न पाइनेछ।**
१७. करको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ।
१८. संघीय सरकार तथा प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ।
१९. ठेकेदारले उठाउने कर कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनुपर्नेछ। राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइने छैन र त्यस्तो कार्य गरेको प्रमाण फेला परेमा किस्ता र धरौटी रकम जफत गरी ठेक्का तोडिने छ।
२०. यस कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन।
२१. सङ्घीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरी र बर्दिवास नगरपालिकाले समय-समयमा दिइएको निर्देशनको पालना गर्नु ठेकेदारको प्रमुख कर्तव्य हुनेछ।
२२. बन्द, हड्ताल, चक्काजाम वा अन्य कुनै कारण देखाई मिनाहा माग भएमा यस कार्यालयबाट मिनाहा दिइने छैन।
२३. बोलपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्झौता गरी सक्नु पर्नेछ। सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत हुनेछ।
२४. यस कार्यालयको बाँकी बक्यौता रकम नतिर्ने व्यक्तिलाई टेन्डर फाराम उपलब्ध गराइनेछैन। र, अन्तिम दिनसम्म उक्त बाँकी, बक्यौता रकम बुझाएमा फाराम उपलब्ध गराइनेछ।
२५. यस ठेक्का सम्बन्धी कुनै किसिमको झै-झगडा वा मतभिन्नता उत्पन्न भएमा बर्दिवास नगरपालिकाको निर्णय अन्तिम निर्णय मान्य हुनेछ।
२६. टेन्डर फाराम खरिद गरिएको रकम फिर्ता हुने छैन।
२७. बन्द, हड्तालजस्ता मानव श्रृजित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा दिन सकिने छैन।
२८. करयोग्य वस्तु तथा त्यसमा लाग्ने करको दरसम्बन्धी विवरण कर संकलन केन्द्रमा होडिङ बोर्ड बनाई सर्वसाधारणले देखिने गरी राख्नु पर्नेछ।
२९. तोकिएको दररेट भन्दा बढी कर संकलन गरेमा गठित अनुगमन समितिहरूले त्यस्तो अनियमित कार्य गरेको फेला परेमा सिफारिशको आधारमा ऐन, नियमबमोजिम कारबाही गरिनेछ।
३०. ठेक्का सूचनाको विस्तृत विवरण बर्दिवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ। साथै विस्तृत जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।
३१. यस सूचनामा उल्लेखित शर्तहरूको हकमा सोहीबमोजिम, नभएको हकमा प्रचलित प्रचलित आर्थिक ऐन, नियमबमोजिम हुनेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **सम्पादक** : उमेश चौहान। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com